# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## धितोपत्र कारोबार ऐन, २०४० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : धितोपत्र कारोबार ऐन, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१९३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "धितोपत्र कारोबार (दोस्रो संशोधन) ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. धितोपत्र कारोबार ऐन, २०४० को दफा २ मा संशोधन : धितोपत्र कारोबार ऐन, २०४० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) "धितोपत्र कारोबार" भन्नाले धितोपत्र, निष्काशन, खरिद बिक्री, विनिमय तथा तत्सम्बन्धमा गरिने अन्य कार्य सम्झनु पर्छ र सो शब्दले धितोपत्र निष्काशन प्रबन्ध, खरिद, बिक्री, विनिमय वा लगानी प्रबन्ध सेवाका लागि गरिने अन्य व्यवस्थालाई समेत जनाउँछ ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएकोछ :-

"(छ) "धितोपत्र बजार (स्टक एक्स्चेन्ज)" भन्नाले धितोपत्र विनिमय सम्बन्धी धितोपत्र कारोबार सञ्चालन र प्रबन्ध गर्नका लागि दफा ७ग. बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।"

(३) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएकोछ :-

"(झ) "निष्काशन" भन्नाले संगठित संस्थाले धितोपत्र बिक्री गर्न सार्वजनिक रुपमा गरेको आव्हान वा लगानीकर्ता समक्ष राखेको प्रस्ताव सम्झनु पर्छ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र सो शब्दले तत्सम्बन्धीं कार्य सम्पन्न गर्न गरिएको अन्य व्यवस्थाहरु समेतलाई जनाउँछ ।"

(४) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएकोछ :-

"(ठ) "धितोपत्र व्यवसायी" भन्नाले ग्राहकको नाममा धितोपत्र खरीद बिक्री वा विनिमय गर्ने दलाल, बजार निर्माता, धितोपत्र व्यापारी (डिलर) वा निष्काशन तथा बिक्री प्रबन्धक वा धितोपत्र कारोबार सम्बन्धी अन्य कार्य गर्न गराउनको लागि दफा १९ बमोजिम प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (२) को,-

(१) खण्ड (घ) मा रहेका "कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कानून तथा न्याय मन्त्रालय" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) खण्ड (च) मा रहेको "अध्यक्ष" भन्ने शब्दको सट्टा "प्रतिनिधि" भन्ने शब्द राखिएकोछ ।

(३) खण्ड (छ) मा रहेको "अध्यक्ष" भन्ने शब्दको सट्टा "प्रतिनिधि" भन्ने शब्द राखिएकोछ ।

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (१) को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछ :-

"(घ१) धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न चाहने संगठित संस्थालाई दफा १९ बमोजिम दर्ता गरी धितोपत्र व्यवसायीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रुपमा धितोपत्र कारोबार गर्न पाउने गरी प्रमाणपत्र प्रदान गर्ने ।"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

"(ङ) धितोपत्र कारोबारको स्वस्थ विकास र सञ्चालन गर्न गराउन धितोपत्र दर्ता गराउने संगठित संस्था, धितोपत्र व्यवसायी तथा धितोपत्र बजारलाई आवश्यक निर्देशन दिने ।"

(३) खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएकाछन् :-

"(च) एकाङ्क बचत कार्यक्रम, सामूहिक कोष (म्यूचुअल फण्ड) र धितोपत्र सहभागी प्रमाणपत्र जारी गरी धितोपत्र लगानी प्रबन्ध गर्ने कार्यक्रमहरुलाई अनुमति प्रदान गरी व्यवस्थित गर्ने ।

(छ) धितोपत्र लगानीकर्ताहरुको हितको संरक्षण गर्ने र धितोपत्र बजारको दिगो विकास गर्ने सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, तालिम, प्रशिक्षण, सेमिनार, गोष्ठी आदि कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।"

५. <u>मूल ऐनको दफा ७ख. मा संशोधन</u> : मूल ऐनको दफा ७ख. को उपदफा (२) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएकाछन् :-

११३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(च) धितोपत्र कारोबार सञ्चालन र हिसाब लेनदेन तथा फर्छ्यौट सम्बन्धी कागजात ।

(छ) तोकिएका अन्य कागजातहरु ।"

६. मूल ऐनको दफा ७घ. मा संशोधन : मूल ऐनको दफा ७घ. को खण्ड (ग) मा रहेका "बीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

७. मूल ऐनको दफा ७ज. मा संशोधन : मूल ऐनको दफा ७ज. को,-

(१) उपदफा (१) को अन्त्यमा देहायको वाक्यांश थपिएकोछ :-

"त्यसरी निष्काशन अनुमति नलिई संगठित संस्थाले धितोपत्र निष्काशन गर्न पाउने छैन ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) उपदफा (१) बमोजिम दर्ता भई धितोपत्र निष्काशनको अनुमति प्राप्त संगठित संस्थाले धितोपत्रको निष्काशन गरेको कुराको जानकारी बोर्डलाई दिनु पर्नेछ ।"

८. मूल ऐनमा दफा ७ञ. र ७ट. थप : मूल ऐनको दफा ७झ. पछि देहायका दफा ७ञ. र ७ट. थपिएकाछन् :-

"७ञ. कागजात हेर्न दिनु पर्ने : संगठित संस्थाले धितोपत्र दर्ता गर्ने प्रयोजनको लागि बोर्डमा पेश गरेको विवरण तथा जानकारी सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि लगानीकर्ताले हेर्न चाहेमा हेर्न दिनु पर्नेछ ।

११३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७ट. जवाफदेही वहन गर्नुपर्ने : धितोपत्र दर्ता गराउने प्रयोजनको लागि दफा ७छ. बमोजिम बोर्ड समक्ष पेश गरिएको विवरण तथा जानकारी सम्बन्धी कागजातहरुको सत्यता प्रति सम्बन्धित संगठित संस्था र सो संस्थाका संचालकहरुले व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेही वहन गर्नु पर्नेछ ।"

९. मल ऐनको परिच्छेद-३ को परिच्छेद शीर्षकमा संशोधन : मूल ऐनको परिच्छेद-३ को परिच्छेद शीर्षकको सट्टा देहायको परिच्छेद शीर्षक राखिएकोछ :-

"परिच्छेद-३

सचीकरण तथा धितोपत्र कारोबार सञ्चालन"

१०. मल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) मा रहेका "धितोपत्रको सूचीकरण खारेज" भन्ने शब्दहरुको सट्टा "धितोपत्रको सूचीकरण खारेज गर्न वा कुनै निश्चित अवधिसम्मको लागि स्थगित" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) ठाउँ ठाउँमा रहेका "सूचीकरण खारेज" भन्ने शब्दहरुको सट्टा "सूचीकरण खारेज वा स्थगित" भन्ने शब्दहरु राखिएकाछन् ।

११. मल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को उपदफा (१) मा रहेका "सूचीकरण खारेज" भन्ने शब्दहरुको सट्टा "सूचीकरण खारेज वा स्थगित" भन्ने शब्दहरु राखिएकाछन् ।

११३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल ऐनको दफा १५क. मा संशोधन : मूल ऐनको दफा १५क. को सट्टा देहायको दफा १५क. राखिएकोछ :-

"१५क. विवरण, वार्षिक प्रतिवेदन तथा कागजातहरु पेश गर्नुपर्ने : (१) यस ऐन बमोजिम धितोपत्र सूचीकरण गराएको संगठित संस्थाले प्रत्येक वर्ष आफ्नो वार्षिक हिसाब बन्द भएको मितिले चार महिनाभित्र सो वर्षको वासलात, नाफा नोक्सानीको हिसाब, तोकिए बमोजिमको आर्थिक विवरण र वार्षिक प्रतिवेदन बोर्ड र धितोपत्र बजार समक्ष पेश गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम धितोपत्र सूचीकरण गराएको संगठित संस्थाले प्रत्येक वर्षको प्रत्येक ६/६ महिनामा आफूले गरेको कारोबारको प्रगति विवरण उक्त ६ महिना पूरा भएको मितिले साठी दिनभित्र बोर्ड र धितोपत्र बजार समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम धितोपत्र सूचीकरण गराएको संगठित संस्थाले धितोपत्र सूचीकरण गराउँदा पेश गरेको वा उपदफा (१) बमोजिम पेश गरेको कुनै विवरण वा कागजातमा हेरफेर, थपघट वा संशोधन गर्नुपर्ने भएमा वा त्यस्तो संगठित संस्थाको धितोपत्र कारोबारमा प्रभाव पर्ने गरी कुनै सम्पत्ति वा जायजेथामा थपघट भएमा वा सो संगठित संस्थाको व्यवस्थापनमा प्रभाव पर्ने गरी कुनै व्यक्ति वा संस्थासंग सम्झौता भएमा त्यस्तो काम कुरा भए गरेको जानकारी सम्बन्धित संगठित संस्थाले यथाशीघ्र बोर्ड र धितोपत्र बजारलाई दिनु पर्नेछ ।"

११३९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएकोछ :-

"१६. सूचीकरण सम्बन्धी अन्य व्यवस्था : यस ऐन बमोजिम धितोपत्र सूचीकरण गराउने संगठित संस्थाको सञ्चालन तथा आर्थिक स्थिति, सूचीकरण गरिएको धितोपत्रको स्वामित्वको वितरणको स्थितिको आधारमा धितोपत्र कारोबारको लागि धितोपत्रको वर्गीकरण गर्न तथा सूचीकरणका सम्बन्धमा त्यस्तो संगठित संस्थाले पालन गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्थाहरु धितोपत्र बजारको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।"

१४. मूल ऐनमा दफा १६क., १६ख., १६ग. र १६घ. थप : मूल ऐनको दफा १६ पछि देहायका दफा १६क., १६ख., १६ग. र १६घ.थपिएकाछन् :-

"१६क. सूचीकरण गरिएको धितोपत्रको कारोबार : यस ऐन बमोजिम सूचीकरण गरिएको र सूचीकरण गर्नु नपर्ने गरी छुट पाएका धितोपत्र कारोबारको सञ्चालन प्रक्रिया, धितोपत्र कारोबारको किसिम, धितोपत्र कारोबारको हिसाब चुक्ता र फछ्र्यौट गर्ने तरिका तथा तत्सम्बन्धी अन्य व्यवस्था धितोपत्र बजारको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

१६ख. धितोपत्र बजारको सदस्यता : (१) धितोपत्र कारोबारको सञ्चालन स्वस्थ र गतिशील ढंगबाट गर्नको लागि धितोपत्र बजारले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरुका अधीनमा रही धितोपत्र व्यवसायीलाई आफ्नो सदस्यता प्रदान गर्नेछ।

११२३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस ऐन बमोजिम बोर्डमा नाम दर्ता गराई प्रमाणपत्र नलिएका धितोपत्र व्यवसायीलाई धितोपत्र बजारले धितोपत्र कारोबार गर्न दिने छैन ।

(२) उपदफा (१) बमोजिम सदस्यता प्रदान गर्ने कार्यविधि, सदस्यताको किसिम, सदस्यता- निलम्बन वा खारेज हुन सक्ने अवस्था, सदस्यता शुल्क, सदस्यले राख्नु पर्ने धरौटी र सदस्यता सम्बन्धी अन्य व्यवस्था धितोपत्र बजारको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

१६ग. धितोपत्रको भित्री कारोबार गर्न नहुने : कुनै संगठित संस्थाको व्यवस्थापनमा संलग्न रहेको सञ्चालक, प्रबन्ध सञ्चालक, कर्मचारी तथा अन्य कुनै व्यक्तिले भित्री सूचना वा खबरको आधारमा आफू वा आफूसंग सम्बन्धित कुनै व्यक्तिलाई फाइदा पुऱ्याउने उद्देश्यले भित्री कारोबार गर्न गराउन पाउने छैन ।

१६घ. धितोपत्र कारोबार र मूल्यमा अनुचित प्रभाव पार्न नहुने : यस ऐन बमोजिम धितोपत्र सूचीकरण गराउने संस्था वा धितोपत्र व्यवसायी वा सम्बन्धित संस्थाका सञ्चालक वा कर्मचारी वा प्रतिनिधिले धितोपत्र कारोबार वा धितोपत्रको मूल्यमा अनुचित प्रभाव पार्ने उद्देश्यले देहायका कुनै काम गर्नु गराउनु हुँदैन :-

(क) गलत वा भ्रामक सूचना प्रचार प्रसार गर्न ।

(ख) कारोबार नभएको धितोपत्रलाई कारोबार भएको भनी विश्वास दिलाउन ।

११३५०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) धितोपत्रको मूल्यमा कुनै परिवर्तन नभए तापनि घटी वा बढी मूल्यमा कारोबार भएको देखाउन ।

(घ) धितोपत्रको मूल्य घटी वा बढी हुन्छ भन्ने प्रभाव पारी धितोपत्र कारोबार गर्न प्रोत्साहित गर्न ।

(ङ) धितोपत्रको सम्बन्धमा गलत तथ्यांक देखाउन ।

(च) धितोपत्र कारोबार र मूल्यमा अनुचित प्रभाव पार्ने किसिमका तोकिए बमोजिमका अन्य कामहरु गर्न ।"

१५. मल ऐनको परिच्छेद-४ मा संशोधन : मूल ऐनको परिच्छेद-४ को सट्टा देहायको परिच्छेद-४ राखिएकोछ :-

"परिच्छेद-४

धितोपत्र व्यवसायी सम्बन्धी व्यवस्था

१७. बोर्डमा नाम दर्ता नगराई धितोपत्र कारोबार गर्न नपाउने : कुनै पनि धितोपत्र व्यवसायीले दफा १९ बमोजिम बोर्डमा नाम दर्ता नगराई धितोपत्र कारोबार गर्न पाउने छैन ।

१८. धितोपत्र व्यवसायीले नाम दर्ता गराई प्रमाणपत्र लिनु पर्ने : (१) यस ऐन बमोजिम धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न चाहने संगठित संस्थाले बोर्डमा आफ्नो नाम दर्ता गराई प्रमाणपत्र लिनु पर्नेछ ।

१५६१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न चाहने संगठित संस्थाले तोकिए बमोजिमको विवरण तथा उपदफा (३) मा उल्लिखित कागजातहरु संलग्न गरी तोकिएको दस्तुर सहित गर्न खोजिएको धितोपत्र कारोबारको किसिम समेत खुलाई तोकिए बमोजिमको ढाँचामा दर्ताको लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ताको लागि निवेदन दिने संगठित संस्थाले देहायका कागजातहरु समेत निवेदन साथ संलग्न गरी पेश गर्नु पर्नेछ :-

(क) संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावली ।

(ख) संगठित संस्था स्थापना भएको मिति र दर्ता प्रमाणपत्र ।

(ग) संगठित संस्थाको अधिकृत र चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा ।

(घ) संगठित संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, थर, ठेगाना, योग्यता र व्यावसायिक अनुभव ।

(ङ) धितोपत्र व्यवसायीको रुपमा गर्ने कार्यहरु सम्बन्धी व्यावसायिक योजना र व्यवस्था ।

१९. <u>धितोपत्र व्यवसायीको-दर्ता र प्रमाणपत्र</u> : (१) दफा १८ बमोजिम धितोपत्र व्यवसायीको रुपमा धितोपत्र

११५२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारोबार गर्न दर्ताको लागि निवेदन प्राप्त हुन आएमा बोर्डले देहायका कुराहरुका सम्बन्धमा आवश्यक जाँचबुझ गरी योग्यता पुगेका निवेदकको नाम, ठेगाना र तत्सम्बन्धी अन्य आवश्यक कुराहरु आफ्नो दर्ता किताबमा दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न तोकिएको म्यादभित्र धितोपत्र व्यवसायीको प्रमाणपत्र दिनु पर्नेछ :-

(क) धितोपत्र व्यवसायीको रुपमा गर्ने धितोपत्र कारोबारको किसिम, धितोपत्र कारोबार र धितोपत्र बजारको स्थिति तथा दक्ष र व्यावसायिक जनशक्ति ।

(ख) संगठित संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको योग्यता र व्यावसायिक अनुभव ।

(ग) संगठित संस्थाको अधिकृत तथा चुक्ता पूँजी र आर्थिक स्रोत तथा सम्भावित आम्दानी र खर्चको स्थिति ।

(घ) गतिशील तथा स्वस्थ कारोबार वृद्धिमा निवेदक संगठित संस्थाबाट हुन सक्ने योगदानको सम्भावना ।

(ङ) धितोपत्र बजारले प्रदान गरेको सदस्यता सम्बन्धमा ।

(२) उपदफा (१) बमोजिम बोर्डले निवेदन साथ संलग्न विवरण तथा कागजातको जाँचबुझ गर्दा सम्बन्धित संगठित संस्थासित कुनै विवरण वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कागजात स्पष्ट गराउन, संशोधन गराउन वा अन्य थप विवरण तथा कागजातहरु माग्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदक संगठित संस्थालाई धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न धितोपत्र व्यवसायीको प्रमाणपत्र दिंदा बोर्डले आवश्यक शर्तहरु समेत तोकिदिन सक्नेछ । यसरी बोर्डले तोकिदिएका शर्तहरुको पालना गर्नु गराउनु सम्बन्धित धितोपत्र व्यवसायीको कर्तव्य हुनेछ ।

२०. <u>धितोपत्र व्यवसायीको पँूजी, योग्यता र व्यावसायिक अनुभव</u> : यस ऐन बमोजिम धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न चाहने संगठित संस्थाको अधिकृत र चुक्ता पूँजी तथा त्यस्तो संगठित संस्थाको संचालक र कार्यकारी प्रमुखको निमित्त चाहिने योग्यता र व्यावसायिक अनुभव तोकिए बमोजिम हुनेछ ।

२०क. <u>दलाल सम्बन्धी विशेष व्यवस्था</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम संस्थापना भएको प्राइभेट कम्पनीलाई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी दलालको रुपमा धितोपत्र कारोबार गर्न धितोपत्र व्यवसायीको प्रमाणपत्र दिन सकिनेछ ।

२०ख. <u>धितोपत्र व्यवसायीको प्रमाणपत्रको नवीकरण</u> : (१) दफा १९ बमोजिम धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न दिइएको धितोपत्र व्यवसायीको प्रमाणपत्र जुन आर्थिक वर्षमा दिइएको हो सोही आर्थिक वर्षसम्म बहाल रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) धितोपत्र व्यवसायीले आफ्नो प्रमाणपत्र नवीकरणको लागि प्रत्येक वर्ष आषाढ मसान्तसम्ममा तोकिएको नवीकरण दस्तुर सहित तोकिएको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र त्यस्तो प्रमाणपत्रको नवीकरण नगराएमा सो म्याद नाघेको मितिले ६ महिनाभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत जरिबाना तिरी नवीकरण गराउन सकिनेछ र सो म्यादभित्र पनि नवीकरण नगराउने धितोपत्र व्यवसायीको प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

२०ग. धितोपत्र व्यवसायीको प्रमाणपत्र खारेज गर्न सकिने : बोर्डले देहायका कुनै अवस्थामा धितोपत्र व्यवसायीको प्रमाणपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्टा विवरण पेश गरी धितोपत्र व्यवसायीको प्रमाणपत्र लिएको देखिएमा ।

(ख) धितोपत्र व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको मितिले ६ महिनाभित्र धितोपत्र कारोबार नगरेमा ।

(ग) धितोपत्र व्यवसायीले कुनै धितोपत्रको खरिद वा बिक्री गर्ने सम्बन्धमा गरेको करार वा लगानीकर्ताहरु समक्ष कबुल गरेको शर्त वा आफूले धितोपत्र कारोबारका सम्बन्धमा निर्वाह गर्नुपर्ने दायित्व पूरा गर्न नसकेमा ।

११४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बोर्डले दिएको निर्देशन वा तोकिदिएका शर्तहरु पूरा गर्न नसकेमा ।

(ङ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा विनियमावली विपरीत हुने गरी धितोपत्र कारोबार सञ्चालन गरेमा ।

२०घ. धितोपत्र व्यवसायीले सेवा शुल्क लिन सक्ने : धितोपत्र व्यवसायीले धितोपत्र कारोबार सम्बन्धी सेवा प्रदान गरे बापत ग्राहकहरुबाट तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

२०ङ. प्रमाणपत्र लिई सक्नु पर्ने अवधि : यो दफा प्रारम्भ हुनु भन्दा अघिदेखि धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गरिरहेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले यो दफा प्रारम्भ भएको मितिले ६ महिना भित्र धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न तोकिए बमोजिम बोर्डबाट प्रमाणपत्र लिई सक्नु पर्नेछ ।

२०च. जमानत रकम जम्मा गर्नुपर्ने : (१) धितोपत्र व्यवसायीले तोकिएको धितोपत्र कारोबार गर्नुअघि तोकिए बमोजिमको जमानत रकम बोर्डले तोकेको वाणिज्य बैंकमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जम्मा गरिएको जमानत रकमबाट धितोपत्र व्यवसायीले धितोपत्र कारोबारका सम्बन्धमा चुक्ता गर्नुपर्ने दायित्वको भुक्तानी गर्ने कार्य गर्नमा प्राथमिकता दिइनेछ ।

११८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०छ. धितोपत्र व्यवसायको हिसाब किताब र लेखा : धितोपत्र व्यवसायीले धितोपत्र कारोबारको सम्बन्धमा राख्नु पर्ने लेखा, हिसाब किताब र लेखापरीक्षण तथा आफूले गरेको धितोपत्र कारोबारका सम्बन्धमा बोर्ड समक्ष पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

२०ज. विदेशी धितोपत्र व्यवसायीले धितोपत्र कारोबार गर्न सक्ने : (१) कुनै विदेशी धितोपत्र व्यवसायी संगठित संस्थाले नेपाल अधिराज्यमा आफ्नो कार्यालय खोली धितोपत्र कारोबार गर्न चाहेमा दफा १९ बमोजिम बोर्डबाट धितोपत्र कारोबार गर्ने प्रमाणपत्र लिनु पर्नेछ ।

तर विदेशी धितोपत्र व्यवसायीलाई नेपाली नागरिकसंगको संयुक्त लगानी (ज्वाईन्ट भेन्चर) मा बाहेक दलालको रुपमा धितोपत्र कारोबार गर्ने प्रमाणपत्र दिइने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले विदेशी धितोपत्र व्यवसायी संगठित संस्थालाई धितोपत्र कारोबार गर्ने प्रमाणपत्र दिंदा त्यस्ता धितोपत्र व्यवसायीहरुले पालन गर्नुपर्ने विशेष शर्तहरु समेत तोकिदिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले विदेशी धितोपत्र व्यवसायी संगठित संस्थालाई धितोपत्र कारोबार गर्ने प्रमाणपत्र

११८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।"

१६. मल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को,-

(१) उपदफा (१) मा रहेका "धितोपत्र बजार तथा धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई" भन्ने शब्दहरुको सट्टा "धितोपत्र बजार, धितोपत्र दर्ता वा सूचीकरण गराउने संगठित संस्था वा धितोपत्र व्यवसायीलाई" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (३) मा रहेका "व्यक्ति, फर्म वा कम्पनीको" भन्ने शब्दहरुको सट्टा "संगठित संस्थाको कार्यकारी प्रमुखको" भन्ने शब्दहरु राखिएकाछन् ।

१७. मल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को,-

(१) उपदफा (१) मा रहेका "धितोपत्र बजार वा धितोपत्र बजारको सदस्यता लिएको व्यक्ति, फर्म वा कम्पनीले गर्ने" भन्ने शब्दहरुको सट्टा "धितोपत्र बजार, धितोपत्र दर्ता वा सूचीकरण गराउने संगठित संस्था वा धितोपत्र व्यवसायीको" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (३) मा रहेका "व्यक्ति, फर्म वा कम्पनीको" भन्ने शब्दहरुको सट्टा "संगठित संस्थाको कार्यकारी प्रमुखको" भन्ने शब्दहरु राखिएकाछन् ।

(३) उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएकाछन् :-

"(३क) उपदफा (१) बमोजिम निरीक्षण वा जाँचबुझ गर्ने क्रममा सम्बन्धित व्यक्ति वा संगठित

११४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाले बोर्डद्वारा जाँचबुझ वा निरीक्षणको लागि उपदफा (२) बमोजिम तोकिएको व्यक्ति वा निकायलाई उपलब्ध गराएको सूचना, तथ्यांक, विवरण वा कागजात झुट्टा ठहरिएमा वा निरीक्षण वा जाँचबुझको लागि जाने व्यक्ति वा निकायलाई सहयोग नगरी बाधा अवरोध खडा गरेमा बोर्डले त्यस्तो गर्ने व्यक्ति वा त्यस्तो संगठित संस्थाको सम्बन्धित संचालक वा कर्मचारीलाई कारबाही गर्न सम्बन्धित संगठित संस्थामा लेखी पठाउनु पर्नेछ ।

(३ख) उपदफा (३क) बमोजिम कारबाहीको लागि बोर्डबाट लेखी आएमा सम्बन्धित संगठित संस्थाले सम्बन्धित व्यक्ति, संचालक वा कर्मचारी माथि कारबाही चलाउनु पर्नेछ ।"

१८. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएकोछ :-

"२४. दण्ड सजाय : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी गरिएको कुनै आदेश वा निर्देशनको जानी जानी उल्लंघन गरेमा वा आफूले गर्नुपर्ने कुनै काम कारबाही नगरेमा वा गर्न नहुने कुनै काम कारबाही गरेमा बोर्डले निजलाई दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो कसूर पटक पटक गरेमा प्रत्येक पटकको लागि निजलाई पाँच सय रुपैयाँका दरले थप जरिबाना हुनेछ ।

(२) कुनै धितोपत्र बजार, धितोपत्र व्यवसायी वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धितोपत्र कारोबार गरेमा बोर्डले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) कसैले जानी जानी यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको बर्खिलाप काम गरी सम्बन्धित संगठित संस्था, धितोपत्र बजार, धितोपत्र व्यवसायी वा लगानीकर्तालाई हानी नोक्सानी पुऱ्याएमा बोर्डले निजलाई तीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) कसैले जानी जानी वा बदनियत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नुपर्ने हिसाब, किताब, खाता, विवरण, सूचना वा अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नुपर्ने समयमा पेश नगरेमा, नराखेमा, नबनाएमा वा तयार नगरेमा वा झुट्टा विवरण वा कागजात बनाएमा, राखेमा, तयार गरेमा वा पेश गरेमा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।"

१९. मूल ऐनमा दफा २५क. थप : मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. पुनरावेदन : यस ऐन बमोजिम बोर्डले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति, धितोपत्र बजार, धितोपत्र व्यवसायी वा संगठित संस्थाले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।"

२०. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को

१९५०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सट्टा देहायको दफा ३५ राखिएकोछ :-

"३५. विनियम बनाउन सक्ने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही बोर्डले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही धितोपत्र बजारले आफ्नो काम कारबाही व्यवस्थित रुपले सञ्चालन गर्नको लागि देहायका विषयहरुमा विनियमहरु बनाउन सक्नेछ र त्यस्ता विनियमहरु बोर्डबाट स्वीकृत भएपछि लागू हुनेछन् :-

(क) धितोपत्र बजारको काम, कारबाही र कारोबार सञ्चालन सम्बन्धी ।

(ख) सूचीकरणको कार्यविधि तथा शर्त सम्बन्धी ।

(ग) सदस्यता सम्बन्धी ।

(घ) धितोपत्र बजारको सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धी ।

(ङ) धितोपत्र बजारको पदाधिकारी तथा कर्मचारीहरुको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धी ।

(च) अन्य आवश्यक विषय सम्बन्धी ।"

११२१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मूल ऐनमा दफा ३५क. र ३५ख. थप : मूल ऐनको दफा ३५ पछि देहायका दफा ३५क. र ३५ख. थपिएकाछन् :-

"३५क. निर्देशिका बनाई लागू गर्ने : (१) यो ऐन र यस अन्तर्गत बनेको नियम तथा विनियमहरुको अधीनमा रही बोर्डले लगानीकर्ताहरुको हितको संरक्षण र धितोपत्र कारोबारलाई व्यवस्थित गर्नको लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले बनाएको निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३५ख. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको जतिमा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।"

लालमोहर सदर मितिः- २०५३।१०।७५

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको सचिव

११५२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग